एडीबी
समाचार
नेपालबाट

एसियाली विकास बैंक (एडीबी) को नेपाल आवासीय
नियोगले प्रकाशित गर्ने त्रैमासिक समाचारपत्र

वेबसाइटः http://www.adb.org/NRM
इमेलः adbnrm@adb.org

कात्तिक, २०६२

# एडीबीको सहायता प्राप्त दुई खानेपानी आयोजना पूरा



**उद्घाटन** एडीबीको नेपाल आवासीय नियोगका राष्ट्रिय निर्देशक सुल्तान हफिज रहमान बुटवलमा खानेपानी आयोजना उद्घाटन गर्दै।

एसियाली विकास बैंक (एडीवी) को वित्तीय लगानीमा गैर सरकारी संस्थाहरू (गैसस) द्वारा प्रत्यक्ष कार्यान्वयन गरिएका नेपालका दुईवटा खानेपानी आयोजना पूरा भएका छन्।

ती पश्चिम नेपालका ग्रामीण महिलाहरूलाई लघुवित्त सेवा उपलब्ध गराउने आयोजना तथा बुटवल नगरपालिकामा सुधारिएको खानेपानी आपूर्तिका माध्यमबाट सामुदायिक सशक्तिकरण आयोजना हुन्। प्रो पब्लिकले कार्यान्वयन गरेको नीतिगत वकालत तथा दीगो कृषि प्रवर्द्धनका माध्यमबाट किसानको सशक्तिकरण आयोजना भने सन् २००५ को सेप्टेम्बर अन्त्य (असोज मध्य) सम्ममा ९५ प्रतिशत पूरा भएको छ।

एडीबीले गैससहरूबाट प्रत्यक्ष कार्यान्वयन हुनेगरी सन् २००३ नोभेम्बर ६ मा यी तीन आयोजनाहरू पारित गरेको थियो।

पश्चिम नेपालका गरिब ग्रामीण महिलाहरूलाई लघुवित्त सेवा उपलब्ध गराउने आयोजना बाग्लुङको ग्रामीण चेतना मञ्चद्वारा कार्यान्वयन गरिएको थियो। यसले दलित समुदायमा लघुवित्त सेवा पुऱ्याउनुका साथै उनीहरूको कठीन जीवनयापनमा सहजता ल्याउन तथा सफा खानेपानी र सरसफाई सुविधा उपलब्ध गराएर स्वास्थ्य र सरसफाई स्थितिमा सुधार ल्याउन मद्दत गरेको छ। एडीबीले खानेपानीको पाइप, पानी जम्मा हुने रिजर्भोयर ट्यांकहरू, आठवटा खानेपानी धारा र छ

*क्रमशः दोस्रो पेजमा*

## यस अंकमा...

- दोस्रो त्रैमासिकको इकोनोमिक अपडेट प्रकाशित २
- एडीबी-विश्व बैंक एकरुपता शिविर २
- नेपाल आवासीय नियोगको गोष्ठी श्रृंखला व्यापार र परिणाममुखी राष्ट्रिय रणनीति तथा कार्यक्रममा केन्द्रित ३
- नेपाल आवासीय नियोगको कार्यक्रम तथा परिणाम संरचनासम्बन्धी समीक्षा बैठक ३
- आर्थिक नीति, यातायात अध्ययन र परिणाम संरचनामा छलफल ४
- एडीबीका प्रकाशनहरू ४

*यस प्रकाशनमा उल्लेखित डलरले अमेरिकी डलरलाई जनाउँछ।*

## दोस्रो त्रैमासिकको इको-नोमिक अपडेट प्रकाशित

नेपाल आवासीय नियोगले सन् २००५ को दोस्रो त्रैमासिकको नेपाल इकोनोमिक अपडेट गत जुलाई महिनामा प्रकाशित गरेको छ । यसमा आर्थिक वर्ष २००५ (२००५ जुलाई मध्यसम्म) मा भएको नेपालको आर्थिक विकासबारे विश्लेषण गरिएको छ । यसमा नीतिगत विकास, वित्तीय कार्य सम्पादन, समष्टिगत आर्थिक विकास र क्षेत्रगत कार्य सम्पादन, मौद्रिक विकास तथा मुलुकको भुक्तानी सन्तुलन स्थितिसम्बन्धी विश्लेषण संलग्न छ। नेपालको अर्थतन्त्रबारे नियमितरुपमा अद्यावधिक जानकारी दिने उद्देश्यअनुरुप सन् २००३ देखि प्रकाशन गर्न थालिएको यस पुस्तकको यो छैठौं अंक हो । यो एडीबीको वेबसाइट http://adb.org/NRM/publications.asp मा उपलब्ध छ। ■

## एडीबी-विश्व बैंक एकरूपता शिविर

विसं. २०६२ साल असार २१ गते एसियाली विकास बैंक र विश्व बैंकले संयुक्तरुपमा एकरुपता शिविर आयोजना गरेका थिए । दुई संस्थाहरूबीच आपसमा प्रक्रियागत समन्वय र एकरुपता कायम गर्न २०६१ सालमा औपचारिकरुपले सुरु भएको संवाद प्रक्रियाका क्रममा यो तेस्रो शिविर हो। दुवै संस्थाले द्वन्द्वको अवस्थामा काम गर्दाको आ-आफ्नो अनुभव आदानप्रदान गरेका थिए। ■

## एडीबी अनलाइन
www.adb.org

- 'एडीबी समाचार नेपालबाट' को अनलाइन संस्करण www.adb.org/Documents/Periodicals/nrm/ मा उपलब्ध छ ।
- आवश्यक सूचनाका लागि information@adb.org मा इमेल गर्नुहोस् वा www.adb.org हेर्नुहोस् ।
- एडीबीसँगका व्यावसायिक अवसरहरू खोज्न www.adb.org/business/opportunities हेर्नुहोस् ।
- नयाँ समाचारहरूका लागि www.adb.org/media हेर्नुहोस् ।
- एडीबीका प्रकाशनहरूका लागि www.adb.org/publications हेर्नुहोस् ।

# खानेपानी आयोजना

क्रमशः एक पेज बाट

वटा सार्वजनिक शौचालय निर्माणका लागि १० हजार अमेरिकी डलर उपलब्ध गराएको थियो ।

बुटवल नगरपालिकामा सुधारिएको खानेपानी आपूर्तिका माध्यमबाट सामुदायिक सशक्तिकरण आयोजना लुमन्ती सहायता समूहद्वारा कार्यान्वयन गरिएको हो। यसले शिखर देउराली, पाखापानी, मनकामना, भिमसेनस्थान र नर्सिङ टोलका पाँच समुदायमा बसोबास गर्ने शहरिया गरिब सुकुम्बासीहरूलाई पर्याप्त र सफा खानेपानी सुविधामा पहुँच पुऱ्याएको छ। यस आयोजनाले पानीको प्रयोग, स्वास्थ्य, सरसफाई र वातावरणसम्बन्धी सार्वजनिक चेतना र ज्ञान उपलब्ध गराउन पनि सहयोग गरेको छ। एडीबीले आयोजनाका लागि २० हजार अमेरिकी डलर उपलब्ध गराएको थियो भने वाटर एड नेपाल र बुटवल नगरपालिकाले पनि सहयोग प्रदान गरेका थिए।

एडीबी, नेपाल आवासीय नियोगका राष्ट्रिय निर्देशक सुल्तान हफिज रहमानले यही भदौ ३० गते बुटवल नगरपालिकामा सुधारिएको खानेपानी आपूर्तिका माध्यमबाट सामुदायिक सशक्तिकरण आयोजना उद्घाटन गर्नुभयो। उक्त समारोहमा बोल्दै श्री रहमानले एडीबीको दृष्टिकोणमा नेपालको विकासमा गैससहरूको अत्यन्त महत्वपूर्ण भूमिका भएको बताउनुभयो। 'तल्लो तहमा रहेका जनताको सिर्जनात्मक ऊर्जालाई नसमेटेसम्म ग्रामीण तथा अर्ध शहरी क्षेत्रको रुपान्तरण सम्भव छैन', उहाँले भन्नुभयो, 'त्यसैले, हामीले नेपालको सेवा आपूर्तिमा सुधार ल्याउन तथा गरिबी निवारण गर्न गैससरूसँगको सहकार्य बढाउन खोजेका छौं।'

यी आयोजनाहरूमा गरिबी निवारणका लागि गैसस साझेदारीमा क्षेत्रीय प्राविधिक सहायताका माध्यमबाट लगानी गरिएको हो। एडीबीले यही क्षेत्रीय प्राविधिक सहायताका माध्यमबाट लगानी गर्न सन् २००५ फेब्रुअरीमा थप दुईवटा आयोजनाहरू पनि स्वीकृत गरेको छ। ती आयोजनाहरू (क) ग्रामीण आर्थिक विकास संघ, पाल्पाद्वारा कार्यान्वयन गरिने पाल्पाका फाइदाबाट वञ्चित कृषक समुदायहरूको सामाजिक, आर्थिक तथा पोषण स्थितिमा सुधार, र (ख) ग्रामीण महिला विकास संघ, दाङद्वारा कार्यान्वयन गरिने मध्य पश्चिमाञ्चल विकास क्षेत्रको दाङ जिल्लाको गरिबी निवारणका लागि स्थानीय पहल हुन्।

पाल्पाका फाइदाबाट वञ्चित कृषक समुदायहरूको सामाजिक, आर्थिक तथा पोषण स्थितिमा सुधारसम्बन्धी आयोजनाले उच्च मूल्यका कृषिजन्य बालीहरूको उत्पादन र बिक्री बढाएर तथा आयोजना क्षेत्रका कृषकहरूको पोषण स्थितिमा सुधार ल्याएर गरिबी घटाउने उद्देश्य लिएको छ।

यसैगरी, दाङ जिल्लाको गरिबी निवारणका लागि स्थानीय पहलसम्बन्धी आयोजनाले साक्षरतापछिको शिक्षा, आयमूलक तालिम, लघुवित्त र बजारसम्म पहुँचका माध्यमबाट महिला सशक्तिकरण गरी गरिबी घटाउने उद्देश्य लिएको छ। ■



**सबैका लागि खानेपानी** बाग्लुङमा एडीबीको सहयोगबाट दलित समुदायका लागि निर्माण गरिएको धारामा पानी भर्दै महिलाहरू।

# नेपाल आवासीय नियोगको गोष्ठी श्रृंखला व्यापार र परिणाममुखी राष्ट्रिय रणनीति तथा कार्यक्रममा केन्द्रित

एसियाली विकास बैंक (एडीबी), नेपाल आवासीय नियोगले सन् २००५ को तेस्रो त्रैमासिकमा सञ्चालन गरेको दुईवटा गोष्ठीहरूमा व्यापार तथा परिणाममुखी राष्ट्रिय रणनीति तथा कार्यक्रममाथि छलफल गरिएको थियो ।

वि.सं. २०६२ साल साउन १९ गते आयोजित 'विश्व व्यापार संगठन (डब्लूटीओ) का मुद्दा र चुनौतिहरू: दक्षिण एसियामा प्रभाव' विषयक गोष्ठीमा नेपाल आवासीय नियोगका कार्यक्रम/आयोजना कार्यान्वयन अधिकृत शाहिद परवेजको प्रस्तुति रहेको थियो । उहाँको प्रस्तुति र त्यसपछिको छलफल डब्लूटीओका मुद्दा र चुनौतिहरू तथा दक्षिण एसियाका लागि अबको उपयुक्त बाटोमा केन्द्रित थियो ।

यसैगरी, मनिलास्थित एडीबी प्रधान कार्यालयका प्रमुख नतिजा व्यवस्थापन विशेषज्ञ गिल होङ किमले यही असोज १३ गते परिणाममुखी राष्ट्रिय रणनीति तथा कार्यक्रमबारे बोल्नुभएको थियो । उहाँले परिणाममुखी राष्ट्रिय रणनीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि नेपाल आवासीय नियोगको भूमिकामाथि प्रकाश पार्नुभएको थियो । राम्रो अनुगमनका लागि आवश्यक परिसूचकहरूको पहिचान र छनौट सम्बन्धमा पनि उहाँले चर्चा गर्नुभयो ।



**गोष्ठी श्रृंखला** नेपाल आवासीय नियोगका कर्मचारीहरू विश्व व्यापार संगठनका मुद्दा तथा चुनौतिहरूबारे छलफल गर्दै ।

नियोगले नेपालमा सञ्चालित एडीबीका काम-कारवाहीहरूसँग सम्बन्धित विषयमा छलफल गर्न नियोगका कर्मचारी तथा बाहिरका वक्ताहरूलाई प्रस्तोताका रुपमा आमन्त्रण गरी सन् २००५ जनवरीदेखि आन्तरिक गोष्ठीको श्रृंखला सञ्चालन गर्दै आएको छ । ■

# नेपाल आवासीय नियोगको कार्यक्रम तथा परिणाम संरचनासम्बन्धी समीक्षा बैठक

सन् २००५ को तेस्रो त्रैमासिकमा एसियाली विकास बैंक (एडीबी), नेपाल आवासीय नियोगले तीनवटा समीक्षा बैठकहरू सञ्चालन गरेको थियो ।

नियोगले वि.सं. २०६२ साल भदौ ७ देखि २३ गतेसम्म नेपालमा वृहत् कार्यक्रम समीक्षा बैठक (ओआरएम) आयोजना गऱ्यो । यो समीक्षा बैठकले सान्दर्भिक कार्यगत तथा नीतिगत विषयहरूमा सरकारसँग छलफल गर्नुका साथै सन् २००५ का कर्जा तथा गैर कर्जा कार्यक्रमहरूको स्थिति र भावी कार्यक्रमहरूमा त्यसको सम्भावित प्रभाव विश्लेषण गरेको थियो । यसले मुलुकको वर्तमान सन्दर्भ र एडीबीको सहायतामा सञ्चालित कार्यक्रमहरूको कार्य सम्पादन तथा यसमा सुधार ल्याउन सहमति भएका उपायहरूमाथि पनि समीक्षा गरेको थियो ।




**कार्यक्रम समीक्षा** नेपाल राष्ट्रिय कार्यक्रम समीक्षा बैठकको उद्घाटन समारोहमा नेपालमा वैदेशिक सहयोगमा सञ्चालित कार्यक्रमहरूमाथि प्रकाश पार्दै वक्ताहरू ।

सरकार, एडीबी, अन्तर्राष्ट्रिय सहयोगका लागि जापान बैंक र विश्व बैंकद्वारा यही भदौ २९ देखि ३१ गतेसम्म संयुक्तरुपमा आयोजित नेपाल राष्ट्रिय कार्यक्रम समीक्षा बैठक (सीपीआरएम) मा एडीबीले भाग लियो । बैठकमा छलफल भएका प्रमुख अवधारणाहरूमा एकीकृत सहायता संरचना तथा एकरुपतासम्बन्धी विधिको सुधार, विकास परिणामहरूका लागि व्यवस्थापन र आयोजना विशेषमा त्यसको प्रभाव, तत्काल कार्यान्वयनका लागि नियोगले पारित गरेको आयोजना 'रेडिनेस फिल्टर' र वैदेशिक सहायताप्राप्त कार्यक्रमको कार्य सम्पादनमा राजनीतिक/सुरक्षा स्थितिको प्रभाव समावेश छन् । यस कार्यशालाका परिणाम र सिफारिसहरू भदौ ३० गते आयोजित प्रमुख सीपीआरएम कार्यशालामा प्रस्तुत गरिएका थिए ।

नियोगले यही असोज ५ देखि १४ गतेसम्म परिणाम संरचना समीक्षा बैठक आयोजना गऱ्यो । यो समीक्षा बैठकले नेपालको परिणाममुखी राष्ट्रिय रणनीति तथा कार्यक्रमको परिणाम संरचनामा सहमति भएका परिसूचकहरू समीक्षा गर्नुका साथै सरकारसँग भएका सम्झौताको कार्यान्वयन विश्लेषण र समर्थन तथा परिसूचकहरूमा लक्ष्य निर्धारण गरेको थियो । ■

# आर्थिक नीति, यातायात अध्ययन र परिणाम संरचनामा छलफल



परिणाम प्राप्ति  नेपालका लागि परिणाममुखी राष्ट्रिय रणनीति तथा कार्यक्रमको परिणाम संरचनासम्बन्धी कार्यशालाको संयुक्त सभापतित्व गर्दै एडीबीको नेपाल आवासीय नियोगका राष्ट्रिय निर्देशक सुल्तान हफिज रहमान (बायाँ) र राष्ट्रिय योजना आयोगका सदस्य चम्पक पोखरेल।

एसियाली विकास बैंक (एडीबी), नेपाल आवासीय नियोगका कर्मचारीहरूले सन् २००५ को तेस्रो त्रैमासिकमा विभिन्न कार्यशाला तथा गोष्ठीहरू आयोजना गर्नुका साथै केही गोष्ठीहरूमा भाग लिएका थिए। त्यसमध्ये केहीको यहाँ चर्चा गरिएको छ।

निजी क्षेत्रका विशेषज्ञ तथा अर्थशास्त्रीहरूले तयार पारेका नीतिपत्रमाथि छलफल गर्न वि.सं. २०६२ साल साउन २४ गते आर्थिक नीतिसम्बन्धी सञ्जाल निर्माणमा एडीबीको प्राविधिक सहायताका माध्यमबाट एक कार्यशाला आयोजना गरियो। कार्यशालाले महत्वपूर्ण सरकारी नीति तथा नेपालको सुधार प्रक्रियामा सान्दर्भिक अन्य मुद्दाहरूमाथि छलफल गरेको थियो। कार्यशालाको उद्घाटन समारोहमा एडीबी, नेपाल आवासीय नियोगका राष्ट्रिय निर्देशक सुल्तान हफिज रहमान, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. शंकर शर्मा तथा तात्कालिन मुख्य सचिव डा. विमल कोइरालाले सम्बोधन गर्नुभएको थियो।

सार्क क्षेत्रीय मल्टिमोडल यातायात अध्ययनका लागि एडीबी र दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क) ले यही भदौ ८ र ९ गते संयुक्तरुपमा काठमाडौंमा पहिलो प्राविधिक समन्वय बैठक आयोजना गर्‍यो। सार्कको प्रवर्द्धनका लागि एडीबीद्वारा प्रदान गरिएको क्षेत्रीय प्राविधिक सहायताअन्तर्गत यो अध्ययन गरिएको हो। यस बैठकले सार्क क्षेत्रीय मल्टिमोडल यातायात अध्ययनको पहिलो चरण (राष्ट्रिय प्रतिवेदन) को कार्यान्वयन र व्यवस्थापनका लागि दिशानिर्देश गरेको थियो। सार्क सदस्य राष्ट्रका टोली प्रमुखहरू, सार्क सचिवालय तथा एडीबी कर्मचारीहरूले बैठकमा भाग लिएका थिए।

श्री ५ को सरकार र एडीबीले यही असोज ११ गते संयुक्तरुपमा परिणाममुखी राष्ट्रिय रणनीति तथा कार्यक्रमको परिणाम संरचनासम्बन्धी संयुक्त परामर्शमूलक कार्यशाला आयोजना गर्‍यो। कार्यशालाले नेपालको राष्ट्रिय रणनीति तथा कार्यक्रमको परिणाम संरचना समीक्षा गर्नुका साथै सहमति भएका परिणामतर्फ हासिल प्रगतिको विश्लेषण गरेको थियो। यसले परिसूचकहरूको केन्द्रविन्दु परिष्कृत तुल्याउन त्यसको समीक्षा गर्ने र परिणाममुखी राष्ट्रिय रणनीति तथा कार्यक्रमको कार्यान्वयनमा भएका थप प्रगतिलाई अनुगमन गर्न लक्ष्य निर्धारण गर्ने कार्यसमेत गरेको थियो।

आगामी कार्यक्रमहरूको पूर्ण सूचीका लागि एडीबी, नेपाल आवासीय नियोगको वेबसाइट हेर्नुहोस्: http://www.adb.org/nrm ■


## समाचार नेपालबाट

एसियाली विकास बैंक (एडीबी) को नेपाल आवासीय नियोगले प्रकाशित गर्ने यस त्रैमासिक समाचारपत्रको मुख्य उद्देश्य एडीबी र उससँग आबद्ध समूहहरूबीच सूचना आदानप्रदानलाई विस्तार गराउनु हो। 'समाचार नेपालबाट' ले एडीबीका गतिविधि सम्बन्धी जानकारी दिनुका साथै नेपालमा विकासे मुद्दाबारे छलफल गर्न मञ्च उपलब्ध गराएको छ। यद्यपि यसमा प्रकाशित भएका लेखहरूले एडीबीको आधिकारिक विचार प्रवाह गरेको छ भनी अनिवार्यरुपमा भन्न सकिंदैन। हामी पाठकहरूको सुझाव तथा प्रतिक्रियाको स्वागत गर्छौं।



नेपाल आवासीय नियोग
श्रीकुञ्ज, कमलादी, वार्ड नं. ३१
पोष्ट बक्स ५०७१
काठमाडौं, नेपाल।
फोन: +९७७ १ ४२२ ७७७९
फ्याक्स: +९७७ १ ४२२ ५०६३
adbnrm@adb.org
www.adb.org/nrm
राष्ट्रिय निर्देशक: सुल्तान हाफिज रहमान


## एडीबीका प्रकाशनहरू

### प्रमुख परिसूचकहरू २००५

आईएसबीएन: ९७१-५६१-५८५-६, आईएसएसएन: ०११६-३००० मूल्य: $४० (जहाजमा लाग्ने ढुवानी खर्चबाहेक) यो एडीबीको वार्षिक तथ्यांकीय पुस्तकको ३६ औं संस्करण हो। यसमा एसियाको श्रम र रोजगारसम्बन्धी विशेष अध्यायसमेत समावेश छ। ■



### एसिया तथा प्रशान्त क्षेत्रमा भ्रष्टाचारविरोधी नीतिहरू : कानुनी तथा संस्थागत संरचना

आईएसबीएन : ९७१-५६१-५५१-१, मूल्य : $१० (जहाजमा लाग्ने ढुवानी खर्चबाहेक) यो प्रकाशन एसिया तथा प्रशान्त क्षेत्रका लागि भ्रष्टाचारविरोधी कार्य (योजना पारित गरेका सरकारहरूले उपलब्ध गराएका सूचनामा आधारित छ। ■

### एसियाली विकास बैंक आउटलुक २००५ (अद्यावधिक)

आईएसबीएन : १६६५-४८०९, मूल्य : एसियाली विकास बैंक आउटलुक २००५ को प्रत्येक खरिदमा निःशुल्क उपलब्ध हुने (जहाजमा लाग्ने ढुवानी खर्चबाहेक) वार्षिकरुपमा प्रकाशित हुने एसियाली विकास बैंक आउटलुकले एसिया तथा प्रशान्त क्षेत्रका ४२ विकासोन्मुख अर्थतन्त्रहरूको विस्तृत आर्थिक विश्लेषण प्रदान गर्छ। ■




### एसियाली आर्थिक समन्वय र आबद्धता: प्रगति, सम्भाव्यता चुनौति

आईएसबीएन : ९७१-५६१-५४९-x, मूल्य : $३० (जहाजमा लाग्ने ढुवानी खर्चबाहेक) यो प्रकाशनले एसियामा आर्थिक समन्वय र आबद्धताको वर्तमान अवस्था मूल्यांकन गर्नुका साथै त्यसले यस क्षेत्रको विकास र स्थायित्वमा पुर्‍याएको योगदान विश्लेषण गर्छ। ■

### पूर्वी एसियासम्म पहुँच: पूर्वाधारका लागि संरचना

आईएसबीएन : ०-८२१३-६१६२-७, मूल्य: $२० (जहाजमा लाग्ने ढुवानी खर्चबाहेक) यो अध्ययनले पूर्वाधार विकासमा खर्चिला किसिमका गल्तीहरू नहोस् भनी पूर्वी एसियाको पूर्वाधार विकाससम्बन्धी नयाँ संरचना उपलब्ध गराउँछ। एडीबीले अन्तर्राष्ट्रिय समन्वयका लागि जापान बैंक र विश्व बैंकसँग मिलेर यो पुस्तकको सह-प्रकाशन गरेको हो। ■